नेपाल सरकार
# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

हालका दिनहरुमा केही समूहबाट सडकमा प्रदर्शन गर्ने र सामाजिक जीवनलाई अवरोध पुऱ्याउने कामहरु भएका छन् । यसै क्रममा जनताको प्रतिनिधिमूलक संस्था संसदलाई लक्षित गरी माननीय सांसदज्यूहरुलाई समेत संसद भवनमा आवागमनको क्रममा अवरोध गर्ने र अपमान गर्ने गतिविधि देखिएका छन् । २०७८ फाल्गुन ८ गते आफ्नो निवासबाट संसद भवन आउने क्रममा पूर्व प्रधानमन्त्रीज्यू चढेको सवारी साधनमा अवरोध पुऱ्याउने र ढुंगा प्रहार गर्ने सम्मको हर्कत देखिएको छ । त्यस्ता हिंसात्मक कार्यहरु प्रति नेपाल सरकार भर्त्सना गर्दछ र त्यस्ता घटनामा संलग्न व्यक्तिहरु छानविनको क्रममा समेत रहेका छन् । साथै, यस्ता प्रकृतिका घटनाको नेपाल सरकार गम्भीरता पूर्वक निगरानी गरिरहेको छ ।

नेपाल सरकार नागरिकको जीउधनको सुरक्षा गर्न सदैव तत्पर रहेको छ । संवैधानिक र कानूनी हकको उपयोग गर्दै शान्तिपूर्ण प्रदर्शनका प्रति नेपाल सरकार र सुरक्षाकर्मीबाट उच्च संयमता अपनाईएको छ । आन्दोलनका नाममा सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड गर्ने र हिंसाजन्य गतिविधिबाट नागरिकको स्वतन्त्रतापूर्वक जिउने हकमा बाधा पुऱ्याउने कार्य नगरीदिनुहुन नेपाल सरकार सम्बन्धित सबैमा ध्यानाकर्षण गराउँदछ ।

२०७८।११।१०

मितिः २०७८/११/१०

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता